नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
**शिक्षा विकास तथा समन्वय इकाइ**
कास्की

फोन नं. ०६१-५७१०९७, ५५३१३७
Website : kaski.edcu.gov.np

पत्र सं. २०८०/०८१
च.नं. १४२३

मिति :२०८१/०३/१६
ने.सं. : ११४४ तछलागा, ९

विषय : माध्यमिक शिक्षा परीक्षा (SEE) को ग्रेड वृद्धि परीक्षा सम्वन्धमा ।

श्री सम्पूर्ण माध्यमिक विद्यालयहरु
कास्की ।

प्रस्तुत विषयमा यस जिल्लावाट २०८० सालको माध्यमिक शिक्षा परीक्षा (SEE) मा सहभागि भएका तर ग्रेड कायम हुन नसकेका परीक्षार्थीहरुको लागि २०८१ सालमा सञ्चालन हुने ग्रेड वृद्धि परीक्षामा सबै विषयमा ग्रेड वृद्धि परीक्षा दिन पाउने व्यवस्था भएकोले त्यस्ता विद्यार्थीहरु लक्षित शिक्षण सिकाई सम्बन्धी देहायका कार्यहरु गर्नु गराउनुहुन अनुरोध छ । साथै यस कार्यमा जिल्ला स्थित नेपाल शिक्षक महासंघ, प्यावसन, एनप्यावसन, युनिप्स र अभिभावक लगायत सम्पूर्ण सरोकारहरुलाई आवश्यक सहयोग र समन्वयका लागि अनुरोध छ ।

तपसिल :

१) ग्रेड वृद्धि परीक्षामा सहभागि हुने सबै विद्यार्थीका लागि विद्यालयहरुले नियमित पठनपाठन सँगै परीक्षा लक्षित सहयोग, सहजीकरण र अतिरिक्त कक्षा अनिवार्य रुपमा सञ्चालन गर्ने । यसरी सञ्चालन भएको कक्षाको जानकारी नियमित रुपमा स्थानिय तह र यस इकाइलाई गराउने ।

२) स्थानीय तहले यसरी विद्यालयवाट सञ्चालन हुने अतिरिक्त कक्षा सञ्चालनका लागि अनुगमन, समन्वय लगायतका कार्यहरुको प्रबन्ध मिलाउनुहुन अनुरोध छ।

३) परीक्षार्थी तथा अभिभावकहरुलाई शिक्षा तथा मानवश्रोत विकास केन्द्रको NCED VIRTUAL (www.youtube.com/nced) युट्युब च्यानलमा रहेका सामाग्रीको प्रयोग गर्न तथा ग्रेडवृद्धि परीक्षा लक्षित रेडियो नेपाल र नेपाल टेलिभिजनबाट २०८१ असार १७ गते बाट परीक्षा हुने अघिल्लो दिनसम्म प्रसारण हुने कार्यक्रम हेर्न तथा सुन्न र त्यसबाट अधिक लाभ लिन सबै परीक्षार्थीहरुलाई जानकारी गराउनुहुन समेत अनुरोध छ । साथै प्रसारण समयको तालिका यसै साथ सम्लग्न छ ।

लोकनाथ आचार्य
इकाइ प्रमुख (उप-सचिव)

वोधार्थ :

१) श्री शिक्षा तथा मानवश्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

२) श्री राष्ट्रिय परीक्षा वोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १० सानोठिमी, भक्तपुर ।

३) श्री पोखरा महानगरपालिका, शिक्षा महाशाखाः अन्नपूर्ण, माछापुच्छ्रे, मादी, रुपा गाँउकार्यपालिकाको कार्यालय कास्की : विद्यालयसँग समन्वय गरी कार्यान्वयन पक्षको अनुगमन समेत गर्नुहुन ।

*समावेशी र सिपमूलक शिक्षाः स्वदेशमै युवा राष्ट्रको इच्छा ।*

CamScanner